कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम काम कारोबार गर्ने

# तिनाउ विकास बैंक लिमिटेड

## Tinau Development Bank Limited

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त)

रजिष्टर्ड कार्यालय: हस्पिटल लाइन, बुटवल-८ रुपन्देही, लुम्बिनी अंचल, नेपाल
फो.नं.: ०७१-५४५२०५/५४५५७६ फ्याक्स नं.: ०७१-५४२८१२
इमेल : info@tinaubank.com, Website: www.tinaubank.com

को

# □हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू□

**दरखास्तसाथ प्रति शेयर रू.१००□- को दरले माग गरिएको**

| |
|---|
| चुक्ता पूँजी रु. ३४,१३७,०,३१३ को १०: ३.५ को अनुपातमा (अर्थात् विद्यमान १० कित्ता शेयर बराबर नयाँ ३.५ कित्ता शेयरको दरले) शेयरधनीहरुलाई रु.११,९४,७९,६०९ मूल्य बराबरको प्रति शेयर रु.१००/– अंकित दरका कुल ११,९४,७९६.०९ कित्ता शेयरहरुको हकप्रद निष्काशन गर्नका लागि प्रकाशित |

### निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३"अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

धितोपत्र लगानीमा हुनसक्ने जोखिमबारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ । यस विकास बैंकले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरुबारे यस विवरणको दफा "थ" मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७३/१२/२८
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति :२०७४/०१/१९
हकप्रद शेयर निष्काशन बन्द हुने मिति :२०७४/०२/२२

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**

पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेल:scl@siddharthacapital.com
वेवसाइट: www.siddharthacapital.com

**(क) संगठित संस्थाको नाम :**<u>तिनाउ विकास बैंक लिमिटेड</u>
(Tinau Develpment Bank Ltd.)

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :**यस विकास बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला, बुटबल नगरपालिका, वडा नं. ८ मा रहेको छ ।

**(ग) कारोवार स्थान**: यस विकास बैंकको कारोबार गर्ने मुख्य स्थान रुपन्देही जिल्ला, बुटबल नगरपालिका वडा नं. ८ रहेको छ र शाखा कार्यालयहरु संगमपथ बुटबल, नारायणगढ चितवन, कोटिहवा रुपन्देही, भलुहि रुपन्देही, अमरापुरी नवलपरासी, जिमिरेभार नवलपरासी, रामापुर कलौनी रुपन्देही, छपिया रुपन्देही, मंगलपुर चितवन, ज्यामिरे चितवनमा रहेका छन् ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**संगठित संस्थाको संक्षिप्त परिचय :**

तिनाउ विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम २०६२.११.१६ गते कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको हो । यस विकास बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०६३, कम्पनी ऐन,२०६३ तथा अन्य प्रचलित कानुनको अधिनमा रहको र विकास बैंकको रुपमा २०६३।०७।०३ गते वित्तीय कारोवार गर्न स्वीकृत प्राप्त गरी मिति २०७३।०७।१५ गतेदेखि वित्तीय कारोवार प्रारम्भ गरेको हो । यस विकास बैंकका प्रवर्द्धकहरु तथा हालका संस्थापकहरु लामो समयसम्म बैंक तथा बित्तीय संस्था संचालन सम्बन्धी अनुभव प्राप्त व्यक्तिहरु रहनु भएको छ ।

**संगठित संस्थाको उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यस विकास बैंकको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई कर्जा प्रवाह गरि देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(३) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाटवित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने,

**(ङ) शेयर पूँजीको संरचना :**

**(क) अधिकृत पूँजी :**विकासबैंकको अधिकृत पूँजी रु. ६०,००,००,०००।- (अक्षरेपी साठी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ६०,००,००० (साठी करोड) थान शेयरमा विभाजन गरिएको छ ।

**(ख) जारी पूँजी** : विकासबैंकको जारी पूँजी रु. ४६,०८,४९,९२१।८८ (अक्षरेपी छयालिस करोडआठ लाखउनन्पचास हजार नौ सय एक्काइस र पैसा अठासीमात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ४६,०८,४९९।२२ (छयालीस लाख आठ हजारचार सय उनान्सयदशमलब बाइस मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

**(ग) चुक्ता पूँजी :**विकासबैंकको हाल चुक्ता पूँजी रु. ३४,१३,७०,३१२।५०(अक्षरेपी चौतीस करोड तेह्र लाख सत्तरी हजार तीनसय बाह्र र पैसा पचासमात्र) रहेको छ जसलाई रु. १००।– का दरले ३४,१३,७०३।१२५(चौतिस लाख तेह्र हजार सात सय तीन र एक सय पच्चिस पैसामात्र)थान शेयरमा विभाजन गरिएको छ । यस हकप्रद

शेयरनिष्काशन गरी बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजी रु. ४६,०८,४९,९२१।८८(अक्षरेपी छयालिस करोड आठ लाख उनन्पचास हजार नौ सय एक्काइस र पैसा अठासीमात्र) रहने छ ।

**(च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद निष्काशन गर्नुपूर्व बैंकको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १७,४०,९९८.७७ | ५१% | १७,४०,९९,८७७ | शतप्रतिशत |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | १६,७२,७०४.३६ | ४९% | १६,७२,७०,४३६ | शतप्रतिशत |
| | **जम्मा** | **३४,१३,७०३.१३** | **१००%** | **३४,१३,७०,३१३** | |

**हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने बैंकको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २,३५०,३४८.३५ | ५१% | २३,५०,३४,८३५ | शतप्रतिशत |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत) | २,२५८,१५०.८७ | ४९% | २२,५८,१५,०८७ | शतप्रतिशत |
| | **जम्मा** | ४,६०८,४९९.२२ | **१००%** | ४६,०८,४९,९२२ | |

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा र उनीहरुले लिएको शेयर संख्या**

बैंककोहालका शेयरधनीहरु र उनीहरुले लिएको शेयर संख्या निम्न बमोजिम छ ।

| क्र.सं. | नम | ठेगाना | शेयर संख्या |
|---|---|---|---|
| | समूह (क) | | |
| १ | जीवन प्रसाद वझा | बु.न.पा.६ | ९८४९० |
| | जीवन प्रसाद वझा | बु.न.पा.६ | २४६२२ |
| २ | रामेश्वर प्रसाद कसजु | बु.न.पा.६ | ११८३८८ |
| | रामेश्वर प्रसाद कसजु | बु.न.पा.६ | २९५९५ |
| ३ | राजेन्द्र प्रसाद वझा | बु.न.पा.६ | ९८४९० |
| | राजेन्द्र प्रसाद वझा | बु.न.पा.६ | २४६२२ |
| ४ | उज्ज्वल प्रसाद कसजु | बु.न.पा.६ | १२३११२ |
| ५ | रमेश प्रसाद भारी | बु.न.पा.११ | ४१३८७ |
| ६ | प्रज्ज्वल प्रसाद कसजु | बु.न.पा.६ | ५२०७७ |
| ७ | डा. लोकेन्द्र देव भँ | बु.न.पा.८ | ५२५३० |
| ८ | शैलेन्द्र प्रसाद श्रेष्ठ | बु.न.पा.६ | ६३६७१ |
| ९ | खिमानन्द न्यौपाने | बु.न.पा.६ | १०४४६१ |
| १० | विणादेवी श्रेष्ठ | बु.न.पा.६ | ८५२५३ |
| | विणादेवी श्रेष्ठ | बु.न.पा.६ | २१३१५ |
| ११ | कृष्ण घिमिरे | बु.न.पा.११ | ६६४५५ |
| १२ | प्रमोद प्रसाद कसजु | बु.न.पा.१२ | ३९७६७ |
| १३ | माया देवी शाक्य | बु.न.पा.१२ | ४४७९३ |
| | माया देवी शाक्य | बु.न.पा.१२ | १४७०१ |
| १४ | मन्दिरा श्रेष्ठ | बु.न.पा.६ | १९०९८ |
| १५ | रामेश्वर मान बजिमय | बु.न.पा.११ | १९८९८ |

| | | | |
|---|---|---|---|
| १६ | दिल प्रसाद श्रेष्ठ | बु.न.पा.१० | ५९६८ |
| | दिल प्रसाद श्रेष्ठ | बु.न.पा.१० | १४९२ |
| १७ | रेणुका देवी श्रेष्ठ | बु.न.पा.१० | २११३ |
| | रेणुका देवी श्रेष्ठ | बु.न.पा.१० | ५३४७ |
| १८ | लालकाजी राजभण्डारी | बु.न.पा.६ | २७९० |
| | लालकाजी राजभण्डारी | बु.न.पा.६ | १९४७ |
| १९ | विन्दु प्रसाद श्रेष्ठ | बु.न.पा.११ | १२४३५ |
| २० | रिषु प्रसाद श्रेष्ठ | बु.न.पा.२ | २९८५ |
| | रिषु प्रसाद श्रेष्ठ | बु.न.पा.२ | ७४५ |
| २१ | जीवन कुमार श्रेष्ठ | बु.न.पा.१३ | ३९७८ |
| | जीवन कुमार श्रेष्ठ | बु.न.पा.१३ | ९९५ |
| २२ | पशुपती प्रसाद अमात्य | बु.न.पा.६ | १०६९४७ |
| २३ | महेश्वर प्रसाद श्रेष्ठ | बु.न.पा.६ | १९८९६ |
| | महेश्वर प्रसाद श्रेष्ठ | बु.न.पा.६ | ४९७३ |
| २४ | यज्ञ प्रसाद श्रेष्ठ | बु.न.पा.७ | ३९७९४ |
| | यज्ञ प्रसाद श्रेष्ठ | बु.न.पा.७ | ९९४८ |
| २५ | रविन्द्र प्रसाद कसजु | बु.न.पा.६ | २४८७२ |
| २६ | विष्णु प्रसाद कसजु | बु.न.पा.६ | ३९७९३ |
| २७ | राज कुमार श्रेष्ठ | भ.न.पा.३ | ४२२८१ |
| २८ | चिन्तामणी पाण्डे | बु.न.पा.६ | ११४४२ |
| | चिन्तामणी पाण्डे | बु.न.पा.६ | ४५७६१ |
| २९ | मुकुन्दनाथ ढुंगेल | का.म.पा.३४ | १५९१८ |
| ३० | विलास मोहन ओझानथाक्षे | बु.न.पा. ७ | ७१२२६ |
| | विलास मोहन ओझानथाक्षे | बु.न.पा. ७ | २४०५६ |
| ३१ | प्रदिप शाक्य | बु.न.पा. ६ | १५६२५ |
| ३२ | देवेन्द्र प्रसाद श्रेष्ठ | वु.न.पा. ८ | ६४२४० |
| ३३ | प्रज्वल शाक्य | बु.न.पा. ६ | १२५०० |
| ३४ | सुनिल कृष्ण श्रेष्ठ | बुटवल ७ | २५०० |
| ३५ | निरञ्जन सिलवाल | बुटवल ६ | २५०० |
| ३६ | सिद्धकान्त मैनाली | ललितपुर ३ | ३१८३ |
| | जम्मा | | **१७,४०,९९८** |

**(ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

विकास बैंकले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले यस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयरको १०: ३.५को अनुपातमा (विद्यमान दश कित्ता शेयर बराबर नयाँ तीन दशमलव पाँच कित्ताको दरले) हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले भुक्तानी माग गर्ने गरी रु. ११,९४,७९,६०९/– शेयर पूँजी बराबर प्रति शेयर रु. १००।– अंकित दरका कुल ११,९४,७९६।०९ कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ ।

**(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

विकास बैकको मिति २०७३/०७/०८ मा बसेकोसाधारण सभाबाट पारित निर्णय अनुसार १०:३.५को अनुपातमा ( विद्यमान १०कित्ता शेयर बराबर नयाँ ३.५ कित्ताको दरले) ११,९४,७९६।०९ कित्ता हकप्रद शेयर निष्काशन गर्ने सर्वसम्मतिबाट निर्णय गरिएको छ ।

## (त्र) सञ्चालकहरुको परिचय

बैंकको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनु भएको छ ।

विकास बैंकको संचालक समितिमा देहाय बमोजिमका व्यक्तिहरू संचालक रहन□भएको छ ।

| क्र.सं. | संचालकको नाम | प्रतिनिधित्व समूह | पद | शैक्षिक योग्यता | ठेगाना | व्यवसायिक अनुभव |
|---|---|---|---|---|---|---|
| १. | श्री राजेन्द्र प्रसाद वझा | संस्थापक | अध्यक्ष | अर्थशास्त्र विषयमा स्नातकोत्तर | बुटवल न.पा. ६, संगमपथ रुपन्देही | प्रबन्धक सञ्चालक बुटवल फ्लोवर मिल प्रा.लि.,<br>लुम्बिनी बाणिज्य क्याम्पस पुर्ब क्याम्पस प्रमुख,<br>सञ्चालक सिद्धार्थ गौतम बुद्ध क्याम्पस<br>अध्यक्ष लुम्बीनी बाणीज्य क्याम्पस |
| २. | श्री जीवन प्रसाद वझा | संस्थापक | सदस्य | अर्थशास्त्र विषयमा स्नातक | बुटवल न.पा. ६, राममन्दिर, रुपन्देही | प्रो.सुर्य बिनायक ट्रेडर्स,<br>अध्यक्ष बुटवल फ्लोवर मिल<br>भूतपूर्व अध्यक्ष उद्योग बाणिज्य संघ बुटवल ।<br>संचालक आम्दा हस्पिटल बुटवल<br>संचालक नमस्ते एफ.एम, बुटवल |
| ३. | श्री रामेश्वर प्रसाद कसजु | संस्थापक | सदस्य | व्यवस्थापन विषयमा स्नातक | बुटवल न.पा. ६, राममन्दिर, रुपन्देही | संचालक बुटवल फ्लोवर मिल प्रा.लि.,<br>सञ्चालक राम इम्पोरीयम |
| ४. | श्री उज्वल प्रसाद कसजु | संस्थापक | सदस्य | व्यवस्थापन विषयमा स्नातक | बुटवल न.पा. ६, संगमपथ रुपन्देही | प्रो.बुटवल इम्पेक्स,<br>अध्यक्ष सिद्धीबिनायक फुड प्रडक्ट,<br>कोषाध्यक्ष सन ब्रिक इन्ड्रस्ट्री प्रा. लि.,<br>सञ्चालक नेपा इन्टरनेश्नल प्रा. लि.<br>कोषाध्यक्ष नमस्ते एफ.एम. बुटवल<br>उपाध्यक्ष उद्योग बाणिज्य संघ बुटवल |
| ५. | श्री अनिल प्रसाद श्रेष्ठ | सर्वसाधारण | सदस्य | व्यवस्थापन विषयमा स्नातकोत्तर | बुटवल न.पा. ५, पुल्चोक, रुपन्देही | प्रो. मुञ्चा कन्फेक्सनरी ई.,<br>सि.ई.ओ. आर्शि मार्केटिङ्ग<br>सि.ई.ओ न्यू आर्शि मार्केटिङ्ग<br>संचालक शिशु ज्ञान कुञ्ज प्रा.लि.<br>संचालक तिनाउ ट्रेड हाउस प्रा.लि.<br>उपाध्यक्ष उद्योग बाणीज्य संघ, बुटवल |
| ६. | श्री सुरेन्द्र प्रसाद श्रेष्ठ | सर्वसाधारण | सदस्य | व्यवस्थापन विषयमा प्रविणता प्रमाण पत्र | बुटवल १२, चौराहा, रुपन्देही | एस.पि.सप्लायर्स<br>संचालक सिद्धि विनायक फूड्स प्रोडक्टस<br>पूर्व अध्यक्ष उद्योग बाणिज्य संघ बुटवल । |
| ७. | श्री रबिन्सन कक्षपति | सर्वसाधारण | सदस्य | एस.एल.सि. | धरावति १, प्युठान | प्रो. रविन ट्रेड इन्टरप्राइजेज |

**विकास बैंकका कार्यकारी प्रमुखको विवरण :**

| नम | योग्यता | ठेगाना | अनुभव |
|---|---|---|---|
| श्री प्रदिप कुमार श्रेष्ठ | त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर | लुम्बिनी अन्चल, रुपन्देही जिल्ला बुटबल नगरपालीका वडा नं.१०, सुख्खानगर । | १) बि.सं. २०५६ साल देखि २०६३ साल कार्तिक सम्म अधिकृत तहमा तत्कालिन बुटवल फाइनान्स लिमिटेडमा कार्यरत ।<br>२) बि.सं. २०६३ साल मंसिर देखि २०६७ साल पौषसम्म व्यवस्थापन तहमा सेवा विकास बैंकमा कार्यरत ।<br>३) बि.सं. २०६७ साल माघ देखि चैत्र महिनासम्म महाप्रबन्धक र २०६८ साल बैसाख १ गते देखिहालसम्म तिनाउ विकास बैंक लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतमा कार्यरत ।<br>४) लायन्स क्लब अफ बुटवल सिटिको भु.पु. अध्यक्ष तथा विभिन्न सामाजिक संघ संस्थामा कार्यरत । |

## (ट) सञ्चालक समितिको बनौट :

विकास बैंकको नियमावलीको नियम ८(२) मा भएको व्यवस्था अनुसार ८ (आठ) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन गरिएको छ ।

| | |
|---|---|
| संस्थापक समुहका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण समुहको शेयरधनीबाट निर्वाचित | ३ (तीन) जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट सञ्चालक समितिले नियुक्त गरेको व्यावसायिक सञ्चालक | १ (एक) जना |

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बांकी अवधिका लागि सोहि समूहको प्रतिनिधित्व हुने गरी समितिद्धारा संचालकको नियुक्त गर्न सकिनेछ । कुनै संचालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त संचालकको कार्यकाल रिक्त भएको संचालकको बांकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।

## (ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १०: ३.५ को अनुपातमा (विद्यमान १०कित्ता शेयर बराबर नयाँ ३.५ कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् ।

यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्तसाथ प्रति शेयर रु.१०० ।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

## (ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

हकप्रद शेयर खुल्ला अवधीमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहेमा संचालक समितिको निर्णय अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**(ढ). हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

विकास बैंकले यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले शेयर खरिद गर्दा आफ्नो नाममा कायम शेयरको १०: ३.५ को अनुपातमा (विद्यमान १०कित्ता शेयर बराबर नयाँ ३.५ कित्ता शेयरको दरले) हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् । साथै शेयरधनीहरुले आफूले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन् ।

यसरी आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**(ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ**

बैंकको विगत तीन आर्थिक वर्ष (आ.व.) को लेखापरीक्षण भएको समिष्टिकृत वित्तीय विवरण, प्रथम त्रैमासिक २०७२/७३ को आर्थिक विवरण तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

## वासलात

(रकम रू. हजारमा)

| विवरण | वास्तविक (लेखापरीक्षण भइसकेको) | | | वास्तविक (ब्यबस्थापन प्रमाणित) | अनुमानित (आ.व. मसान्तको) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | आ.ब. २०७२/०७३ | २०७३/०७४ पौष | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ |
| **पूँजी तथा दायित्व** | | | | | | | |
| शेयर पूँजी | १६७,५४२ | २,१८,४७७ | ३४१,३७० | ३८७,५६० | ५२९,९७७ | ६०९,४७४ | ७००,८९५ |
| जगेडा तथा कोषहरु | १५,०११ | २३,४६५ | ४०,४९७ | ९२,३२१ | ७३,५९९ | ११६,६५६ | १६३,५६६ |
| ऋण पत्र तथा बण्ड | - | - | - | - | - | - | - |
| तिर्न बांकि कर्जा सापट | - | - | - | - | - | - | - |
| निक्षेप दायित्व | १,७५८,००२ | २,३८२,३८१ | ३,२८८,४०३ | ३,६४०,९७३ | ३,६५०,१२८ | ३,९४२,१३८ | ४,२१८,०८८ |
| भूक्तानी दिनू पर्ने बिलहरु | - | - | - | - | - | - | - |
| प्रस्तावित लाभांश | १,२७१ | १,७५४ | ३,५९३ | - | १,७०७ | २,६५० | ३,०४७ |
| आयकर दायीत्व | - | - | - | - | - | - | - |
| अन्य दायित्व | ४९,१५९ | ५५,५६२ | ८७,८१९ | १२८,१८६ | ८६,४८६ | १५१,४७८ | २१९,५७९ |
| **कुल दायित्व** | **१,९९०,९८५** | **२,६८१,६३८** | **३,७६१,६८३** | **४,२४९,०४०** | **४,३४१,८९७** | **४,८२२,३९६** | **५,३०५,१७५** |
| | - | - | - | - | - | - | - |
| **सम्पत्ति** | - | - | - | - | - | - | - |
| नगद मौज्दात | ५३,९४४ | ७१,६४० | ६९,५८४ | ८९८,२८३ | ६८,००६ | ७४,१२६ | ६५,९६५ |
| ने.रा.बै. मा रहेको मौज्दात | १०९,४७१ | १६९,०४७ | २०७,२७० | ६२,२६६ | २००,७५७ | २१८,८२५ | २३१,९९५ |
| बैंक तथा वित्तीय संस्था रहेको मौज्दात | २६९,७९४ | ४५५,६९२ | ५६१,९९२ | - | ६२१,००१ | ६७६,८९१ | ६८६,२०६ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ६०,६१८ | ५६,७०९ | ६२,६३० | - | ७२,६०९ | ७९,१४४ | ६०,९९२ |
| लगानी | ७७,७९१ | ८८,४७६ | ८७,१९६ | ८७,४०२ | ११३,३५५ | १२४,६९० | १३७,१५९ |
| कर्जा सापट तथा बिल खरिद | १,३७०,६२५ | १,७९३,३०९ | २,६९६,८०४ | ३,०९९,४७० | ३,१२८,२९२ | ३,५०३,६८७ | ३,९५९,१६६ |
| स्थिर सम्पत्ति | २६,०५१ | ३२,७५९ | ३०,९१८ | ३४,२४५ | ३४,७८० | २९,५६३ | २५,१२९ |
| गैर बैकिंङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| अन्य सम्पत्ति | २२,६९१ | १४,००६ | ४५,२८९ | ६७,३७४ | १०३,०९८ | ११५,४६९ | १३८,५६३ |
| **कुल सम्पत्ति** | **१,९९०,९८५** | **२,६८१,६३८** | **३,७६१,६८३** | **४,२४९,०४०** | **४,३४१,८९७** | **४,८२२,३९६** | **५,३०५,१७५** |

# नाफा नोक्सान हिसाब

(रकम रू. हजारमा)

| विवरण | वास्तविक (लेखापरीक्षण भइसकेको) | | | वास्तविक (व्यबस्थापन प्रमाणित) | अनुमानित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | आ.ब. २०७२/०७३ | २०७३/०७४ पौष | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ |
| **कुल आम्दानी** | | | | | | | |
| व्याज आम्दानी | २०७,७५७ | २३६,०२५ | २९३,५७२ | १९२,३१५ | ३७९,२५८ | ४७३,८३८ | ५१५,४९३ |
| व्याज खर्च | १३४,८७० | १३६,९१३ | १५९,७९९ | ९४,१७१ | १९४,२७९ | २५८,१३७ | २८५,६०८ |
| **खुद व्याज आम्दानी** | **७२,८८७** | **९९,११२** | **१३३,७७२** | **९८,१४४** | **१८४,९८०** | **२१५,७०१** | **२२९,८८५** |
| कमिशन तथा डिस्काउन्ट | ३,८२५ | ७,०९८ | ५,११६ | १,६९६ | ७,१६२ | १०,०२७ | १२,५३४ |
| अन्य संचालन आम्दानी | १६,८७४ | १९,०९२ | ३२,००५ | १५,५८१ | ४१,६०७ | ५४,०८९ | ६७,६११ |
| **संचालन मुनाफा** | **९३,५८६** | **१२५,३०३** | **१७०,८९३** | **११५,४२०** | **२३३,७४९** | **२७९,८१७** | **३१०,०३१** |
| कर्मचारी खर्च | १८,१४४ | २५,२७३ | ३३,८५८ | १७,०६० | ३४,०२९ | ३४,३७१ | ३५,७३३ |
| अन्य संचालन खर्च | २८,६०८ | ३१,७९१ | ३५,४१२ | १०,९२४ | ३६,१२० | ३६,८४३ | ३७,९४८ |
| सम्भावित नोक्सानी व्यवस्था अधिको संचालन मुनाफा | **४६,८३४** | **६८,२३९** | **१०१,६२३** | **८७,४३६** | **१६३,६००** | **२०८,६०३** | **२३६,३५०** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | २,६२४ | ४,३५२ | ९,९४१ | ७,८८७ | १२,५६३ | १४,१४२ | १६,६९९ |
| **संचालन मुनाफा** | **४४,२१०** | **६३,८८७** | **९१,६८२** | **७९,५४८** | **१५१,०३६** | **१९४,४६१** | **२१९,६५१** |
| असामान्य कारोवारवाट भएको मूनाफा/खर्च | ३,११२ | १८७ | ३४,३२२ | **१,८९०** | **२,०७८** | **२,२८६** | **२,५१५** |
| **सम्पुर्ण कारोवार समावेश पछिको खूद मूनाफा** | **४७,३२१** | **६४,०७४** | **१२६,००४** | **८१,४३८** | **१५३,११५** | **१९६,७४८** | **२२२,१६६** |
| कर्मचारी बोनस व्यवस्था | ४,३०२ | ५,८२५ | ११,४५५ | ७,४०३ | १३,९२० | १७,८८६ | २०,१९७ |
| आयकर व्यवस्था | १२,७३३ | १७,३७४ | ३४,३८८ | २२,२१० | ४१,७५९ | ५३,६५८ | ६०,५९१ |
| **खुद मुनाफा** | **३०,२८६** | **४०,८७५** | **८०,१६०** | **५१,८२४** | **९७,४३७** | **१२५,२०३** | **१४१,३७९** |

(ख) विकास बैंकको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति(नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| विवरणहरु | लेखापरीक्षण भइसकेको | | | वास्तविक (व्यबस्थापन प्रमाणित) | अनुमानित (आब.मसान्तको) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | आ.ब. २०७२/०७३ | २०७३/०७४ पौष | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ |
| चुक्ता पुँजी | १६७,५४२ | १८५,१५० | ३४१,३७० | ३४१,३७० | ५२९,९७७ | ६०९,४७४ | ७००,८९५ |
| साधारण जगेडा कोष | १५,०११ | २३,४६५ | ४०,४९७ | ९२,३२१ | ७३,५९९ | ११६,६५६ | १६३,५६६ |
| अपलेखन गर्न वांकी | (७१४) | (१,०६७) | (१,५७३) | – | (१,८००) | (१६,२००) | (१,४५८) |
| कूल नेटवर्थ | **१८१,८३९** | **२०७,५४८** | **३८०,२९४** | **४३३,६९१** | **६०१,७७६** | **७०९,९३०** | **८६३,००३** |
| शेयर संख्या | १,६७५ | १,८५२ | ३,४१४ | ३,४१४ | ५,३०० | ६,०९५ | ७,००९ |
| प्रति शेयर नेटवर्थ | **१०८.५३** | **११२.१०** | **१११.४०** | **१२७.०४** | **११३.५५** | **११६.४८** | **१२३.१३** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रु. | | | | | | | |
| प्रति शेयर चुक्ता पुंजी रु. | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| प्रति शेयर आम्दानी | **१८।०८** | **२२।०८** | **२३।४८** | **१५।१८** | **२८।५४** | **२३।६२** | **२३।२०** |
| नेटवर्थमा औषत प्रतिफल | १६.६६ | १९.६९ | २१.०८ | ११.९५ | १६.१९ | १७.६४ | १६.३८ |

*अपरिस्कृत वास्तविक (लेखापरिक्षण नभएको) वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणीत भएको ।
नोटः आर्थिक वर्ष २०७०/०७१को कल्स इन एडभान्स रकम रु. ३३,९३,४७५/-लाई नेटवर्थ गणना गर्दा घटाइएको छ ।

निष्काशन पूर्वको प्रतिशेयर आम्दानी (EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल १२.९४ प्रतिशत आगामी आ.ब.को वित्तीय प्रक्षेपण बैक व्यवस्थापनबाट तयार पारीएको हो ।

प्रक्षेपित वित्तीय विवरण निम्न आधारमा तयार गरिएको हो ।

| क.सं. | **विवरण** | **सुचाङ्क** | **अनुमानित** | | |
|---|---|---|---|---|---|
| | | | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ |
| १ | खुद नाफा / कुल आम्दानी प्रतिशत | प्रतिशत | २२.७६ | २३.२७ | २३.७४ |
| २ | प्रति शेयर आम्दानी | रु. | २८.५४ | २३.६२ | २३.२० |
| ३ | ब्याज आम्दानी / कर्जा तथा सापट | प्रतिशत | १४.०० | १३.०० | १३.०० |
| ४ | कर्मचारी खर्च/कूल सञ्चालन खर्च | प्रतिशत | १४.७७ | ११.६५ | ११.०४ |
| ५ | कूल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | ८.०० | ८.०० | ८.०० |
| ६ | सटही घटबढ आम्दानी/कूल आम्दानी | प्रतिशत | - | - | - |
| ७ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | ४०.९१ | ५२.०४ | ५६.५२ |
| ८ | खुद नाफा /कर्जा सापट | प्रतिशत | ३.१३ | ३.७८ | ३.७९ |
| ९ | खुद नाफा /कूल सम्पत्ति | प्रतिशत | २.२४ | २.६० | २.६६ |
| १० | कूल कर्जा/निक्षेप | प्रतिशत | ७६.९५ | ७६.३५ | ७९.३२ |

नोटः बृद्धिदर गत आ.ब. को आधारमा गणना गरिएको छ ।

त) **विकास बैंकको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा-नोक्सान हिसावको विवरण** :
विकास बैंकको आ.व.२०७२/०७३ को लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाबकोविवरण देहाय बमोजिम रहेको छ ।

**वासलात**
**२०७३ आषाढ मसान्त**

रु.हजारमा

| विवरण | आ.ब. २०७२/०७३ |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| चुक्ता पूँजी | ३४१,३७० |
| कल्स ईन एड्भान्स | - |
| हकप्रद शेयर | - |
| बोनस शेयर | - |
| जगेडा तथा कोषहरु | ४०,४९७ |
| सापटी | - |
| निक्षेप दायित्व | ३,२८८,४०३ |
| प्रस्तावित लाभांश | ३,५९३ |
| चालु दायित्व | ८७,८१९ |
| **कुल दायित्व** | **३,७६१,६८३** |
| | - |
| **सम्पत्ति** | - |
| नगद मौज्दात | ६९,५८४ |
| ने.रा.बै. मा रहेको मौज्दात | २०७,२७० |
| बैंक मौज्दात | ५६१,९९२ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ६२,६३० |
| लगानी | ८७,१९६ |
| कर्जा सापट तथा बिल खरिद | २,६९६,८०४ |
| स्थिर सम्पत्ति | ३०,९१८ |
| गैर बैकिंङ्ग सम्पत्ति | - |
| अन्य सम्पत्ति | ४५,२८९ |
| **कुल सम्पत्ति** | **३,७६१,६८३** |

## नाफा नोक्सान हिसाब

(रकम रू. हजारमा)

| विवरण | आ.ब. २०७२/०७३ |
|---|---|
| **कुल आम्दानी** | |
| व्याज आम्दानी | २९३,५७२ |
| व्याज खर्च | १५९,७९९ |
| **खुद व्याज आम्दानी** | **१३३,७७२** |
| कमिशन तथा डिस्काउन्ट | ५,११६ |
| अन्य संचालन आम्दानी | ३२,००५ |
| **संचालन मुनाफा** | **१७०,८९३** |
| कर्मचारी खर्च | ३३,८५८ |
| अन्य संचालन खर्च | ३५,४१२ |
| सम्भावित नोक्सानी व्यवस्था अधिको संचालन मुनाफा | **१०१,६२३** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ९,९४१ |
| **संचालन मुनाफा** | **९१,६८२** |
| असामान्य कारोवारवाट भएको मूनाफा/खर्च | ३४,३२२ |
| **सम्पुर्ण कारोवार समावेश पछिको खूद मूनाफा** | **१२६,००४** |
| कर्मचारी बोनस व्यवस्था | ११,४५५ |
| आयकर व्यवस्था | ३४,३८८ |
| **खुद मुनाफा** | **८०,१६०** |

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

(क) बैंक तथा वित्तीय संस्थाहरुको आपसी प्रतिस्पर्धाबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
(ख) नयाँ कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
(ग) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
(घ) देशको राजनीतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाढ हुनसक्ने जोखिमहरु ।
(च) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति, नियममा हुने परिवर्तनवाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(छ) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(ज) कर्जा तथा लगानीको दायरा साघुँरिएर उत्पन्न हुनसक्ने जोखिमहरु ।
(झ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(ञ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने जोखिमहरु ।
(ट) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(ठ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटवढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
(ढ) तरलता अभावका कारण हुनसक्ने जोखिमहरु ।
(ढ) विकास बैंकले धितोपत्रहरुमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न विकास बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ :
विकास बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । विकास बैंकले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान

पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुवाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ।

**<u>धितोपत्रको मूल्य परिवर्तन सम्बन्धि जोखिम :</u>**
निष्काशन गरिएको शेयर मूल्य रु. १००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**(द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

विकासबैंकले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ। यसरी बाँडफाँड भएपश्चात् नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हितग्राही खाता नभएका शेयरधनीहरुको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता उल्लेख गरी शेयर आवेदन गरेका शेयरधनीहरुको हकमा उक्त शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरे पश्चात हितग्राहीहरुको खातामा जम्मा गरिनेछ।

शेयर बाँडफाँड गर्दा यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुलेआफ्नो नाममा कायम शेयरको १०: ३.५को अनुपातमा (विद्यमान १०कित्ता शेयर बराबर नयाँ ३.५ कित्ता शेयर) हुन आउने शेयरको लागि आवेदन दिएमा सोहि अनुरुप शेयर बाँडफाँड गरिनेछ। यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा बैंकको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ।

क) विकास बैंकको रजिष्टर्ड कार्यालय, बुटबल ८ रुपन्देही।

**ख)** धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंस्थितकार्यालयबाट।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण**

प्रत्याभुत नगरिएको।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

बैंकले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँडमा परेका शेयरधनीहरु मध्ये हितग्राही खाता नभएका शेयरधनीहरुको हकमा हितग्राही खाता माग गरितथा हितग्राही खाता भएका शेयरधनीहरुको हकमा निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

**(फ) संगठित संस्थाको कारोवारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको।

**(ब) हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १०: ३.५को अनुपातमा (विद्यमान १०कित्ता शेयर बराबर नयाँ ३.५ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा बैंकद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि बैंकको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः**

१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित विकास बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछः-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

(२) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(३) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

(५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको देहायको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।

ख) संस्थापक/सर्वसाधारण समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने । हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धित बैंकले नै हक हस्तान्तरण गर्नसक्नेछ ।

ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ । सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test)पूरा गरेको हुनुपर्ने । सो का अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने ।

घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ ।

- हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बैंकमा पेश गर्नुपर्नेछ ।
- यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी विकास बैंकले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ ।
- यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बैंकले सूचना दिनुपर्नेछ । तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ ।

ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि विकास बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बैंक वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन नहुने ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ,**

**"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

**लेखापरिक्षक तथा कम्पनी सचिवको नामनामेसी :**
आ.व.२०७२/०७३ को आम्दानी खर्चको हिसाबको लेखापरिक्षण श्री रामहरी एण्ड एसोसियट्स चाटर्ड एकाउण्टटेन्टसका श्री रामहरि रौनियार, सि.ए. ले गर्नुभएको हो । श्री प्रदिप कुमार श्रेष्ठ यस विकास बैंकको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञः**

**प्रक्षेपित वित्तीय विवरण विकास बैंक आफैले तयार गरेको हो ।**

**वित्तीय प्रक्षेपण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाव) को अनुमानको आधार तथा तरिका पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**
यस विवरणमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, विकास बैंकको हालको दक्षता र विकास बैंकले प्राप्त गरेको हाल सम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री प्रमोद पन्थी एण्ड एसोसियट्स चाटर्ड एकाउण्टेण्टसका प्रमोद पन्थीरहनुभएको छ ।

**यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं रहेको छ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

क) प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

ख) नेपाल राष्ट्र बैंकले निर्देशन दिए अनुरुप विकास बैंकको भविष्यमा पूँजी कोष अपर्याप्त हुने देखिएकोले समयमा नै हकप्रद शेयर जारी गर्नुपर्ने ।

ग) बढ्दो प्रतिस्पर्धाको सामना गर्न विकास बैंकलाई सक्षम बनाई कारोवार बृद्धि गर्न तथा ग्राहकहरुको बैंक प्रतिको विश्वसनियतालाई बृद्धि गर्न ।

घ) बैंकको व्यवसाय विस्तारको लागि आवश्यक पूँजीको व्यवस्था गर्न ।

हकप्रद शेयर जारी गरे पश्चात प्राप्त हुने रकमलाई देहाय अनुसार खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

| **शीर्षक** | **अनुमानित रकम (रु. हजारमा)** |
|---|---|
| कर्जा लगानी | ८०,५८५ |
| स्थिर सम्पत्तिमा लगानी | १९,९७२ |
| ऋणपत्र तथा बचत पत्रमा लगानी | १८,९२२ |
| **जम्मा** | **११९,४७९** |

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**
हकप्रद निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि कम्तीमा पैंतीस दिन हुनेछ । उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :**

**क)** तिनाउ विकास बैंक लिमिटेड, वुटवल रुपन्देही र शाखा कार्यालयहरु

**ख)** सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं
ग) सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ र शाखा कार्यालयहरु
**ग)** उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंद्वारा अन्य माध्यममार्फत सूचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।
घ) दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

**(व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

विकास बैंकले आफूले गर्ने व्यवसायसँग सम्बन्धित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण बैंकको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम बैंकका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको विकास बैंकको उद्घोषण रहेको छ । यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ असार मसान्तभित्र न्यूनतम पूँजी बृद्धि गरिसक्नुपर्ने गरि निर्देशन दिएको सन्दर्भमा हकप्रद शेयर निष्काशनको लागि क्रेडिट रेटिङ्ग गर्न नपर्ने गरी छुटको व्यवस्था अनुसारदेहायका शर्तहरु पूरा गरेका भनी यस बैंकको स्वघोषणा रहेको छ ।

| | |
|---|---|
| **१. अंकित मूल्यमा हकप्रद शेयर निष्कासन गरेको हुनुपर्ने** | **: अंकित मुल्य रु. १००। मा निष्काशन भएको ।** |
| **२. प्रति शेयर नेटवर्थ रु.१०० भन्दा बढी भएको हुनुपर्ने** | **: आ.व. २०७३/०७४ को पौष मसान्त मा प्रति शेयर नेटवर्थ रु. १४०.५७ रहेको छ ।** |
| **३. अंकित मूल्यभन्दा बजार मूल्य बढी भएको हुनुपर्ने** | **: मितिः २०७३।१२।०९ गतेको बजार मुल्य रु.३५३ रहेको छ ।** |
| **४. विगत पाँच वर्षदेखि संचालनमा रही कम्तीमा तीन वर्ष नाफामा संचालित भएको हुनुपर्नेछ र संचित नोक्सान हुन नहुने** | **: आ.व.०७०/७१ मा ३,०२,८६,०७४।६०, आ.व.०७१/७२ मा ४,०८,७४,८२९।९६ र आ.व.०७२/७३ मा ८,०१,६०,३८७।०७ खुद नाफा रहेको छ ।** |
| **५.** NPA (Non Performing Assets) **नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र हुनुपर्ने** | **: आ.व. २०७३/०७४ को पौष मसान्तमा** NPA **०.३४ प्रतिशत रहेको छ ।** |
| **६. पूँजी बृद्धि गरिएको सम्वन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको हुनुपर्ने** | **: मितिः २०७३।०९।०८ मा कम्पनि रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको ।** |

**(श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण**

| **विकास बैंकको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण** | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७२/२०७३ | ७०६ | २८९ | ६४२ | २१०१४९ |
| २०७१/२०७२ | ४०० | २१२ | ३०० | ९३९७६ |
| २०७०/२०७१ | ३०४ | ९९ | २४४ | ६७५३१ |

| **विकास बैंकको विगत तीन महिनाको शेयर कारोवारको विवरण** | | | | |
|---|---|---|---|---|
| महिना | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| माघ | ३९१ | ३३१ | ३३७ | ११३११ |
| पौष | ३८० | ३४९ | ३५० | ३१४८ |
| मंसिर | ४८५ | ३७३ | ३८० | १७०२० |

**नोटः** विकासबैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

**अन्य :**

**(क) धितोपत्र सिडिएसमा दर्ता गर्ने सम्वन्धमा :**
नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र साविक शेयरधनीहरुमा निष्कासन भई बाँडफाँट भए पश्चात सिडिएसमा दर्ता गराई धितोपत्र अभौतिक रुपमा समेत उपलब्ध गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्ने छ ।

**(ख)** धितोपत्र निष्कासनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरण लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्कासन तथा बिक्री प्रवन्धकको website :www.siddharthacapital.comतथा निष्कासन बैंकको website: www.tinaubank.comमा राख्ने व्यवस्था गरिनेछ ।

**(ग)** धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरण सार्वजनिक निष्कासनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइने छ ।

**(ष) यस "हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत**

| **क्र.सं.** | **सञ्चालकहरुको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १ | श्री राजेन्द्र प्रसाद वझा | अध्यक्ष | |
| २ | श्री जीवन प्रसाद वझा | सदस्य | |
| ३ | श्री रामेश्वर प्रसाद कसजु | सदस्य | |
| ४ | श्री उज्ज्वल प्रसाद कसजु | सदस्य | |
| ५ | श्री अनिल प्रसाद श्रेष्ठ | सदस्य | |
| ६ | श्री सुरेन्द्र प्रसाद श्रेष्ठ | सदस्य | |
| ७ | श्री रबिन्सन कक्षपति | सदस्य | |

**(स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।